तिनाउ गाउँपालिका
Tinau Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३ / Estd. 2017 A.D.

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या /Letter No.:- २०८३।०८४
चलानी नं /Ref. No.:-
सूचना नं. २१

कार्यपालिकाका बैठकका निर्णयहरु सार्वजनिक गरिएको सूचना!

(सार्वजनिक मितिः २०८३।०७।१८)

तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०७।१६ गते भएको १११ औँ गाउँकार्यपालिका बैठकमा देहायका निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारीको लागि निर्णयहरु सार्वजनिक गरिएको छ।

देहायः

१. कार्ययपालिकाको ११० औं बैठकको समीक्षा गरियो। उक्त बैठकका निर्णयहरू कार्यान्वयन भईरहेको र कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

२. ११ औं जिल्ला सभाको निर्णय तथा विगत वर्षहरूमा बस्दै आईरहेको समन्वयात्मक बैठक जिल्ला समन्वय समिति पाल्पाको लिखित अनुरोध बमोजिम पाल्पा जिल्लाका स्थानीय तहहरू, सूरक्षा निकायहरू र विकास निर्माणसँग सम्बन्धित कार्यालयहरू समेतको सहभागितामा मिति २०८३/७/१७ गते तिनाउ गाउँपालिकामा सम्पन्न गर्न उक्त बैठकको सम्पुर्ण व्यवस्थापन तथा सहजीकरण तिनाउ गाउँपालिकाले गर्ने,

३. मिति २०८३ मङ्सिर ३ गतेदेखि संचालन हुन गईरहेको सत्यवती मेलामा पाल्नुहुने ठूलो संख्याका भक्तजनहरूको सहजतालाई मध्यनजर गर्दै सत्यवती मन्दिर पुग्ने बाटो स्तरोन्नती गर्न यस आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी सत्यवती मन्दिर लिफ्टिङ्ग खानेपानी शीर्षकमा विनियोजित रु दश लाखसमेत गरी रु. पन्ध्र लाख गाउँपालिकाबाट खर्च गर्ने तथा सोही बराबरको रकम मन्दिर व्यवस्थापन समितिबाट लागत साझेदारी गर्न अनुरोध गर्ने,

४. शैक्षिक पूर्वाधार विकास सशर्त अनुदानमार्फत् प्राप्त रकम कार्यान्वयनका सम्बन्धमा छलफल तथा सो सम्बन्धमा स्थानीय आवश्यकता र प्राथमिकताका सम्बन्धमा थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने,

५.

क. संघीय सशर्त बजेट - उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूती सम्बन्धी क्रियाकलाप सञ्चालन र गाउँपालिकाबाट राष्ट्रिय रोजगारीमा साझेदारी गरिएको बजेट कार्यान्वयन गर्नका लागि न्यूनतम १०० दिनको रोजगारी दिने किसिमले वडाबाट प्रस्ताव भई आएका योजनाहरु कार्यान्वयन गर्ने गरि तपसिल बमोजिम वडागत रुपमा सूचिकृत बेरोजगारहरुलाई काममा खटाउने,

तपसिलः

वडा नं.	सूचीकृत बेरोजगार संख्या	कामदार संख्या	जम्मा कार्यदिन	दैनिक ज्याला	जम्मा रकम	कैफियत
1	77	6	600	754	452400	

तिनाउ गाउँपालिका
Tinau Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

दोभान, पाल्पा
Dobhan, Palpa

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या /Letter No.:-८०८३।०८४
चलानी नं /Ref. No.:-

स्था. २०७३ / Estd. 2017 A.D.

वडा नं.	सूचीकृत बेरोजगार संख्या	कामदार संख्या	जम्मा कार्यदिन	दैनिक ज्याला	जम्मा रकम	कैफियत
2	21	3	300	754	226200	
3	17	3	300	754	226200	
4	140	10	1000	754	754000	
5	49	4	400	754	301600	
6	12	2	200	754	150800	
जम्मा	**316**	**28**	**2800**	**754**	**2111200**	

ख. प्रस्तावित सङ्गठन तथा ब्यवस्थापन सर्वेक्षण बमोजिमका पदहरु प्रदेश किताबखानाबाट पद दर्ता भएर नआउन्जेल आधारभुत स्वास्थ्य केन्द्र झुम्सा र सत्यवतीमा रिक्त अ.हे.व. पद दुवैमा एक एक र आधारभुत स्वास्थ्य केन्द्र झुम्साको अ.न.मी. पद समेत अस्थायी रुपमा अ.हे.व. पदमा विज्ञापन गरी रिक्त रहेका आधारभुत एकाईहरुमा पदपूर्ति गर्ने,

ग. स्थानीय तहको शिक्षा योजना सम्बन्धी मार्गदर्शन, २०७९ ले निर्दिष्ट गरेको मापदण्ड अनुसार यसै आ.व. भित्रमा तिनाउ गाउँपालिकाको स्थानीय गाउँ शिक्षा योजना निर्माण गर्ने।

(यादव प्रसाद अर्याल)
प्रवक्ता

Email: tinaururalmunicipality@gmail.com
Phone No: 075-413064 / 65